नेपालगंज उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. ५, बाँके जिल्ला, नेपालगंज

# सेवा करार पदपूर्ति सम्बन्धी सूचना ।

**(प्रकाशित मिति : २०७७।०३।०१)**

नेपालगंज उप-महानगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि रोजगार संयोजकको पदपूर्ती तथा सेवा सुविधा सम्बन्धि मापदण्ड,२०७६ बमोजिम रोजगार संयोजक पदमा कर्मचारी सेवा करारमा लिई पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र तोकिएको राजस्व रकम तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त दिनु हुन सबैको लागि यो सुचना प्रकाशन गरिएको छ । म्याद नाघि आएको र रित नपुगेको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

| विज्ञापन नं. | पद | संख्या | न्यूनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| ०१।०७६-०७७ (प्र.रो.का.) | रोजगार संयोजक | १(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उतीर्ण भएको । | रु.१,०००।- (एक हजार ) |

१)न्यूनतम योग्यता :

क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको ।

ख) दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

२) परिक्षाको किसिम : रोजगार संयोजकको पदपुर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड,२०७६ को दफा ८ र ९मा तोकिएको बमोजिम ।

३) दरखास्त दिने अन्तिम मिति : २०७७।०३।१५

४) काम गर्नुपर्ने स्थान : नेपालगंज उप-महानगरपालिका कार्यालय र अन्तर्गतका वडाहरु ।

५) तलब सुविधा : स्वीकृत मापदण्ड अनुसार ।

६) सेवा अवधि : २०७८ असार मसान्तसम्म ।

७) सम्पर्क मितिः दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट ।

८) दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु : शैक्षिक योग्यताका प्रमाण पत्रहरुको प्रतिलिपी, चारित्रिक प्रमाण पत्रको प्रतिलिपी नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी । कार्य अनुभवको प्रमाणपत्र, अन्य आवश्यक कागजपत्रहरु

९) परिक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ ।

१०) पाठयक्रम : मापदण्डमा तोकिए बमोजिम ।

११) दस्खास्त फाराम र पाठ्यक्रम यस उप-महानगरपालिकाको अफिसियल वेभसाईट www.nepalgunjmun.gov.np बाट डाउन्लोड गर्न सकिनेछ ।

2066/2/32

सदस्य सचिव
पदपूर्ति समिति

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत